# नेपाल सरकार
## स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौं ।

## एफ.एमहरु बाट स्वास्थ्य बीमा सन्देश प्रसारणसँग सम्बन्धित बोलपत्र आह्वानको सूचना

(प्रथमपटक सूचना प्रकाशित भएको मिति : २०७८।१०।०४)

१. नेपाल सरकार, स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौंले राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत एफ. एमहरु बाट स्वास्थ्य बीमा सन्देश प्रसारणसाग सम्बन्धित कार्य गर्नका लागि इच्छुक र योग्यता पुगेका व्यक्ति/फर्म/सप्लायर्स/कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३१ (एकतीस) औं दिन मिति २०७८।११।०५ गते दिनको १२:०० बजे भित्र स्वास्थ्य बीमा बोर्ड, टेकु काठमाडौंमा पेश गर्नु हुन आह्वान गरिन्छ ।

| Contract ID No. | Name of Procurement | Bid Security Nrs. | Document Fee Nrs. | Bid Validity Period |
|---|---|---|---|---|
| HIB/G/NCB/ 2078-79/02 | एफ. एमहरु बाट स्वास्थ्य बीमा सन्देश प्रसारण | ८५,०००/- | ३०००/- | ९० दिन |

२. बोलपत्र फारम स्वास्थ्य बीमा बोर्ड टेकु काठमाडौंबाट उपलब्ध हुनेछ । बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि यस बोर्डको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् : स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौं, **सम्पर्क नं : ०१-४१००२२३, ४१००२२४, इमेल ठेगाना** : info@hib.gov.np साथै यो सूचना **website:www.hib.gov.np** बाट पनि हेर्न सकिने छ ।

३. बोलपत्रदाताले कारोबारको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र समेतको प्रतिलिपि संलग्न राखी निवेदन सहित पेश गर्नु पर्नेछ ।

४. बोलपत्रदाताले माथि उल्लेख भए अनुसारको Bid Security रकम नगदै जम्मा गरेमा को.ले.नि.का. त्रिपुरेश्वरको नाममा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टेकु, काठमाण्डौको धरौटी खाता नं. १००१००१०२०३०००० , कार्यालय कोड नं. ३७०२१२५०१ मा जम्मा गरेको सक्कले बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको इजाजत प्राप्त कुनैपनि वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस बोर्डको नाममा जारी भएको सोही रकम बराबरको बोलपत्र जमानत (बिडबण्ड) को सक्कलै पत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले माथि उल्लेख भए अनुसारको बोलपत्र दस्तुर (Bid Document) बापतको रकम यस बोर्डको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टेकु, काठमाडौंको बैंक खाता नं. १०००१००२०००१०००० , राजस्व शीर्षक नं. १४२२९, कार्यालयको कोड नं. ३७०२१२५०१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

६. एफ. एमहरु बाट स्वास्थ्य बीमा सन्देश प्रसारण गर्न चाहने संस्थाहरुको विगत ३ आ.व.को औसत वार्षिक कारोबार न्यूनतम रु. ५० लाख हुनुपर्नेछ र कम्तीमा कुनै एक सरकारी संस्थाको वार्षिक रु. ५ लाख भन्दा माथिको सुचनामूलक सन्देश एफ. एम हरुबाट प्रसारण गरेको हुनु पर्नेछ । एफ. एमहरु बाट स्वास्थ्य बीमा सन्देश प्रसारण गर्न चाहने संस्थाहरुले सात वटै प्रदेश अर्न्तगतका एफ. एम. हरुसाग लिखित रुपमा सम्झौता गरेको वा सन्देश प्रसारण गर्ने सहमति लिएको पत्र समेत पेश गर्नुपर्ने छ ।

७. बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको सोही समयमा हुनेछ । तोकिएको म्याद भित्र प्राप्त भएका बोलपत्रहरु मिति : २०७८।११।०५ गते अपरान्ह २:०० बजे बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा यस बोर्डको कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. बोलपत्र फारममा उल्लेख भएका निर्देशनहरुको अनिवार्य रुपमा पालना गरी बोलपत्र भरी पेश गर्नु पर्नेछ । प्राप्त हुन आएका बोलपत्र स्वीकार गर्ने र रद्द गर्ने सम्पूर्ण अधिकार यस बोर्डलाई हुनेछ ।

९. बोलपत्र पेश गर्दा आफूले पेश गर्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ । यस बोलपत्र सम्बन्धी अन्य प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुने र थप विस्तृत जानकारी बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ ।

4X20